नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई, गुल्मी**

## परियोजना कार्यान्वयन इकाई (मकै जोन, सुन्तलाजात फलफूल जोन, कफी सुपरजोन) आवद्दता\नविकरण सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०४।१८

यस परियोजना कार्यान्वयन इकाई, गुल्मीले मकै/मकै बीउ, सुन्तलाजात फलफूल तथा कफी वालीको उत्पादन एवम् उत्पादकत्व अभिवृदि गर्ने, कृषि यान्त्रिकरण, कृषि पुर्वाधारहरु एवम् बजारिकरणको विकास गर्ने उद्देश्यका साथ गुल्मी जिल्लाको ५ वटा स्थानिय तहको १९ वटा वार्डहरुमा मकै जोन, जिल्लाको ८ वटा स्थानिय तहको २४ वटा वार्डहरुमा सुन्तलाजात फलफूल जोन र जिल्लाको १२ वटा स्थानिय तहको ३७ वटा वार्डहरुमा कफी सुपरजोन संग सम्वन्धित क्रियाकलापहरु आ.व. २०७३/०७४ (मकै), आ.व. २०७५/०७६ (सुन्तला र कफी) देखि सञ्चालन गरिएको छ। यसै सन्दर्भमा परियोजनाको उद्देश्य हासिल गर्न जोन\सुपरजोन विकास कार्यक्रम संचालन कार्यविधि २०७३ मा व्यवस्था भए बमोजिम माथि उल्लेखित परियोजना लागु भएका क्षेत्र भित्र क्रियाशिल एवम् मकै जोन, सुन्तलाजात फलफूल जोन र कफी सुपरजोनमा आवद्द हुन चाहने साविक जिल्ला कृषि विकास कार्यालय, स्थानिय तह एवम् अन्य संस्थामा कानुन बमोजिम दर्ता भएका कृषक समूह, कृषि सहकारी संस्थाहरु वा कृषि उद्यमीहरुले परियोजना कार्यान्वयन इकाईले तय गरेको निर्धारित आवेदन ढाँचामा तपशिलका आवश्यक सहयोगी कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवद्दताका लागि परियोजनाको कार्यालय तम्घास, गुल्मीमा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाई, गुल्मी, तम्घास सम्पर्क नं. ०७९-५२०८६७, ०७९-५५१०९०.

कार्यक्षेत्र

मकै जोन — रे.न.पा. ४, ५, १०; धुर्कोट ५, ७; इस्मा सबै वडाहरु; मदाने ३, ४, ६, ७; मालिका ५, ६, ७, ८

सुन्तलाजात फलफूल जोन- रे.न.पा. ३, ४, ५, ६, ७; मु.न.पा. ८, ९; गुल्मीदरबार २, ३, ४; छत्रकोट ३, ४; धुर्कोट १, २, ३, ५, ६; मदाने ४, ६, ७; कालिगण्डकी २, ३; चन्द्रकोट ५, ६

कफी सुपरजोन- रे.न.पा. १०, ११, १४; मु.न.पा. २, ६; गुल्मीदरबार ३, ५, ६, ७; छत्रकोट १, ३, ४, ५, ६; धुर्कोट ४; मदाने २, ३; कालिगण्डकी १, ५; चन्द्रकोट ७, ८; रुरु सबै वडाहरु; सत्यवति १, २, ३, ४, ५, ६, ७; इस्मा १, ३, ४, ५, ६; मालिका ६, ७, ८

आवश्यक कागजातहरु

- परियोजनाले निर्धारित गरेको ढाँचा अनुसारको आवेदन फारम
- कृषक समूह/ कृषि सहकारी / कृषि उद्यमीको अद्यावधिक दर्ता प्रमाण पत्रको प्रतिलिपि
- कृषक समूह / कृषि सहकारी / कृषि उद्यमीको जोन / सुपरजोनमा आवद्दता सम्वन्धि वैठक निर्णयको प्रतिलिपि
- समूह / सहकारी / कृषि उद्यमीको हकमा गत आ.व.को लेखा प्रतिवेदनको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा स्थायि लेखा नम्वरको प्रतिलिपि
- सहकारी र समूहको हकमा मकै, सुन्तला र कफी खेति वा व्यवसायमा सामुहिक रुपमा लाग्ने प्रतिवद्धता
- जोन/सुपरजोनमा आवद्दताका लागि सम्वन्धित गा.पा./न.पा. को सिफारिश पत्र

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत